# नेपाल उद्योग वाणिज्य महासंघको
# ४३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसको समुद्घाटन
# समारोहमा अध्यक्ष श्री कुशकुमार जोशीले दिनु भएको
# स्वागत भाषण

१. सर्वप्रथम यस समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक स्वागत गर्दछु । आफ्नो व्यस्त समयका बावजूद हाम्रो निमन्त्रणालाई स्वीकार गरी दिनु भएकोमा नेपालको सम्पूर्ण निजी क्षेत्र र महासंघको तर्फबाट हृदयदेखिनै आभार व्यक्त गर्दछु ।

२. माननीय मन्त्रीज्यूहरु, संवैधानिक अंगका प्रमुखज्यूहरु, सचिबज्यूहरु, महामहिमज्यूहरु, विशिष्ट अतिथिज्यूहरु, निवर्तमान अध्यक्षज्यू, भूतपूर्व अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु, सल्लाहकार समिति एवं कार्यकारिणी समितिका सदस्यज्यूहरु, पत्रकारज्यूहरु एवं सम्पूर्ण उद्यमी व्यवसायी मित्रहरुमा म यस अवसरमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सबैमा स्वागत अभिवादन गर्दछु ।

३. नेपाल उद्योग वाणिज्य महासंघको यस ४३ औं वार्षिक साधारण सभा र उद्योग वाणिज्य दिवस मनाउन पूर्व मेची देखि पश्चिम महाकाली, उत्तर हिमालदेखि दक्षिण तराई मधेशसम्मका उद्योग वाणिज्य संघहरु, बस्तुगत संघहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु एवं उद्योग प्रतिष्ठानहरुका हामी उद्यमी व्यवसायीहरु यहां जम्मा भएका छौं । यस अर्थमा पनि हामीले गौरवको अनुभव गरेका छौं । यहां उपस्थित सम्पूर्ण विशिष्ट व्यक्तित्वहरु लगायत यहांहरु सबैको उपस्थितिले समेत हामीलाई ठूलो हौसला मिलेको छ ।

**संगठनात्मक आर्थिक विकासमा निजी क्षेत्र** :

४. कुनै पनि देशको आर्थिक विकासमा निजी क्षेत्रको छुट्टै महत्व रहि आएको छ। नेपालमा पनि राजनीतिक स्वतन्त्रताको अभियानसंगै प्रारम्भ भएको Chamber Movement बाटनै आर्थिक विकासमा संगठनात्मक प्रयाशको थालनी भएको पृष्ठभूमिमा नेपाल उद्योग वाणिज्य महासंघ नेपाल सरकार पछिको दोश्रो संजाल (Net Work) को रुपमा आफ्नो स्थापनाकालदेखिनै क्रियाशील रहंदै आएको छ। हामी उद्योगी व्यवसायी पनि हाम्रा विगत र वर्तमानमा भोगेका र भोग्दै आएका अप्ठेरा एवं पिडाहरुलाई विर्सेर यस ऐतिहासिक घडिमा उद्योग एवं व्यवसाय लगायतको आर्थिक क्षेत्रको विकास गर्ने संकल्प गर्दै देशको कुनाकाप्चामा छरिएर रहेका ९२ वटा जिल्ला तथा नगर स्तरीय उद्योग वाणिज्य संघहरु, ६८ वटा बस्तुगत संघहरु, १० वटा द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु र ३२१ वटा एशोसिएट सदस्यहरुको माध्यमबाट निजी क्षेत्रको संघीय संस्था नेपाल उद्योग वाणिज्य महासंघलाई आफ्नो कर्मथलो मानेर कटिबद्धताका साथ लागि परेका छौं।

५. नेपाल उद्योग वाणिज्य महासंघले आफ्नो ४३ वर्षको कार्यकालमा हासिल गरेको अनुभूति, अनुभव र प्राप्त गरेको उर्जाले हामीमा नयाँ चुनौति सामना गर्न सक्ने सोच र क्षमता छ। आर्थिक–सामाजिक विकासमा निजी क्षेत्रको महत्वको पैरवी गर्न होस् वा सरकारी तथा निजी क्षेत्र बीचको आपसी सम्बन्धलाई सुदृढ पार्न होस् महासंघ कहिल्यै पछि परेको छैन। त्यति मात्र होइन, मुलुक द्वन्दको अवस्थामा रहेको बेला र सरकारको उपस्थिति न्यून रहेको स्थितिमा समेत महासंघ आफ्ना सबै संयन्त्रको परिचालन गरी अर्थतन्त्रलाई जीवित राख्न सफल भएको छ। त्यसैगरी, राष्ट्रलाई आवश्यक पर्दा आफ्ना निजी व्यवसाय, आर्थिक मुद्दा तथा व्यापारिक चासोलाई किनारा लगाएर पनि राष्ट्रिय आवश्यकता पूरा गर्न उद्योगी व्यवसायी तत्पर छन्, सक्षम छन् भन्ने उदाहरण समेत यथेष्ट रुपमा प्रस्तुत भएका छन्।

**निजी क्षेत्रको अवधारणा** :

६. नेपाल उद्योग वाणिज्य महासंघले निजी क्षेत्रको आफ्नो दृष्टिकोण स्पष्ट रुपमा राख्दै आएको छ। जस अनुसार हाम्रो अवधारणा यस प्रकार छन् :

६.१ आजको उदार एवं बजारमुखी विश्व अर्थतन्त्र, विश्वव्यापीकरण र स्वतन्त्र क्षेत्रीय व्यापार व्यवस्थाको सन्दर्भमा नेपाल मात्र एक्लिएर बस्न नसक्ने हुादा नेपालको अर्थतन्त्र निजी क्षेत्र उन्मुख (Private Sector Oriented Economy) हुनु अनिवार्य छ ।

६.२ मुलुकमा शान्ति, राजनीतिक स्थायित्व, जनधनको सुरक्षा र अनुकूल औद्योगिक व्यवसायिक वातावरणका साथै अधिकारपूर्वक एवं निर्भिकताकासाथ पूंजी लगानी गरी उद्योग व्यापार व्यवसाय गर्ने स्वतन्त्रता कायम हुनु पर्छ ।

६.३ देश संघीय तथा प्रान्तीय संरचनातिर उन्मुख भएको अवस्थालाई बिचार गरी महासंघले आफ्नो संरचनालाई पनि त्यसअनुरुप पार्न, देशको अर्थतन्त्रलाई पनि संघीय तथा प्रान्तीय संसाधनको उच्चतम प्रयोग गर्ने आधारमा विकसित गर्न, हर क्षेत्रमा समावेशी, जनसहभागितापूर्ण तथा पारदर्शी र स्वतन्त्र दृष्टिकोण अवलम्बन गर्नमा जोड दिंदै आएको छ । यस क्रममा महासंघको संरचनालाई पनि प्रान्तिय संरचना अनुरुप अघि बढाउन Chamber Law को व्यवस्था हुनु पर्दछ ।

६.४ आर्थिक स्वतन्त्रता, स्वच्छ प्रतिस्पर्धा, समावेशी अर्थतन्त्र र समतामूलक समाजको सिर्जना सहित नयाँ नेपालको निर्माणमा निजी क्षेत्र जुट्न पाउने वातावरण सिर्जन गरिनु जरुरी छ । यसका लागि राजनीतिक पार्टीहरुले निजी क्षेत्रले अघि सारेका आर्थिक अवधारणाहरुलाई समन्वय गरेर जानु पर्दछ ।

६.६ देशको लगानी स्थितिको विश्लेषण गरी त्यसलाई विविध क्षेत्रमा विस्तारित गर्ने संभावना पहिल्याउनमा महासंघको जोड रहेकोछ । त्यस क्रममा रोजगारदाताको अधिकार सहितको भूमिका स्पष्ट हुनु पर्छ । विना उत्पादन तथा विना बजार रोजगारदाताले श्रम क्षेत्रको माग पूरा गर्न नसक्ने तथ्यलाई पूंजी आर्जन वा उत्पादनबाट मात्र श्रमिकका सुबिधा प्राप्त हुन सक्छन् भन्ने कुरालाई श्रमिक मित्रहरुले बुझ्न र मनन गर्नु आवश्यक छ ।

६.७ साथै राहत, पुनः निर्माण र पुनः एकीकरणमा विशेष जोड दिने, रोजगारीका अवसर सिर्जना र विस्तार गर्ने, आर्थिक समृद्धिको लागि निजी तथा सरकारी क्षेत्रको भूमिकालाई प्रभावकारी पार्ने, भौतिक पूर्वाधार विकासमा लगानी बृद्धि गर्ने र समावेशी विकास प्रक्रिया अवलम्बन गर्नु आवश्यक छ ।

६.८ विकासका सबै संरचना, क्षेत्र, र प्रक्रियाहरुमा उपेक्षित समूदाय, क्षेत्र र लिंगको समावेशीकरण गरी विकासमा टेवा पुऱ्याउन लगानी बढाउने, राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउन उद्योग, कृषि एवं पर्यटनलाई टेवा पुग्ने स्थिति सिर्जना गर्ने, विद्युत विकास, सडक, सिंचाइ, संचार जस्ता पूर्वाधार विकासमा प्राथमिकता दिने, पर्यटन, कृषि उद्यम, जडिबूटी तथा बनस्पति जस्ता तुलनात्मक लाभ एवं प्रतिस्पर्धात्मक क्षमता भएका क्षेत्रहरु पहिल्याई प्राथमिकतासाथ विकास गरिनु पर्ने, मानव संसाधन विकासको लागि शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा लगानी बढाउने, लगानी मैत्री वातावरण (Investment Friendly Climet) को सुनिश्चितता, श्रम लचकता एवं सामाजिक सुरक्षा No Work No Pay को व्यवस्था, व्यवस्थापकलाई "Termination of Employment" को अधिकार सहित श्रम क्षेत्रमा आवश्यक सुधार गर्ने, विकास निर्माणका कार्यमा सार्वजनिक–निजी साझेदारी अवधारणा (Public-Private Partnership Approach) लाई अधिकतम रुपमा कार्यान्वयन गर्ने काम हुनु अनिवार्य छ ।

६.९ एकातिर चरम विद्युत लोडसेडिङ्ग, संधैको श्रम अशान्ति, विश्व आर्थिक मन्दी, बढ्दो मूल्यबृद्धि लगायतका समस्या छन् भने अर्कोतिर सरकारले स्वतन्त्र उद्योग व्यवसायलाई प्रतिकूल असर पार्ने खालका नीति नियम ल्याएबाट पनि थप आशंका र समस्या श्रृजना भएको छ । यसको उदाहरणमा सम्पत्ति कर हो । नयाँ संविधान निर्माणको क्रममा भएको र संघीय राज्य संरचनाको साथै सम्पत्तिको बांडफांडको प्रश्न आउन सक्ने हुंदा यस पृष्ठभूमिमा नयाँ संविधान नआएसम्म र यसको निक्यौल नभएसम्म यो कर लाग्नु हुंदैन भन्ने हाम्रो अडान छ ।

६.१० उद्योग व्यवसाय संकटमा पर्दा राहतको व्यवस्था सबै मुलुकमा हुन्छ। तर हामीकहाा राहतको सट्टा यसको सबै जिम्मेवारी निजी क्षेत्रलाई थोपर्ने काम हुन्छ। अन्य देशहरुमा विश्वमा देखा परेको मन्दीसंग बैंकहरुको व्याज घटिरहेको छ र राहत प्याकेजको व्यवस्था पनि छ। तर नेपालमा एकातिर बैंकको व्याज बढ्दो छ भने सरकारले विकास क्षेत्रमा खर्च गर्न नसक्दा २५ अर्व रकम फ्रिज हुने अवस्थामा छ। यस अवस्थामा संकटपूर्व स्थितिमा रहेका उद्योगहरुलाई संकटबाट बनाउन यसरी फ्रिज हुने रकम मध्येबाट छुट्टै राहत कोष (Reliaf Fund) को व्यवस्था सहित बैंकको व्याजदर समेत कटौति हुनु पर्ने हाम्रो माग छ।

**अहिलेको वास्तविकता र निजी क्षेत्रको पिडा** :

७. गत वर्ष सम्पन्न संविधान सभाको निर्वाचनपछि गठन भएको "संविधानसभा"ले युगान्तकारी परिवर्तन सहितको निर्णय गरेको छ। नेपाल अव "संघीय लोकतान्त्रिक गणतन्त्र" घोषणा भएको छ। नयाँ सरकार गठन भएको छ। यस ऐतिहासिक घोषणालाई निजी क्षेत्रले हार्दिकतापूर्वक स्वागत तथा ठूलो समर्थन गरेको छ। मुलुकमा शान्ति होस्, व्यवसायीले निर्भयताका साथ व्यवसाय गर्न पाउन्, विद्यार्थीले संधै स्कूल जान पाउन्, आवागमन गर्ने स्वतन्त्रता कसैले नछिनोस्, सडकमा टायर नबलुन् र राजमार्ग अवरोध नहोस् भन्ने चाहना सर्वत्र छ। अधिकारपूर्वक एवं निर्भिकताका साथ आफ्नो पूंजी परिचालन तथा उद्योग व्यवसाय गर्ने स्वतन्त्रता निजी क्षेत्र चाहन्छ। आर्थिक स्वतन्त्रता, स्वच्छ प्रतिस्पर्धाको समावेशी अर्थतन्त्र र समतामूलक समाजको सृजना सहित नयाँ नेपालको निर्माणमा निजी क्षेत्र जुट्न पाउने वातावरणको सुनिश्चितता हाम्रो मुख्य चाहना हो।

तर यी हाम्रा कटिबद्धता र चाहनाका बावजूद पनि निजी क्षेत्रले आज जुन किसिमको अडचन र पिडा बोध गर्नु परिरहेको छ, त्यो स्वयंमा अर्को विडम्बना हो भन्न हामी वाध्य भएका छौं।

८. राजनीतिक दल वा अन्य आन्दोलनरत समूहनै किन नहुन्, उनीहरुले विभिन्न मागको नाममा उद्योग, कलकारखाना, यातायात लगायतका व्यवसाय बन्द गर्ने, चक्का जाम एवं राजमार्ग बन्द गरी आगजनी तथा उद्योग व्यवसायलाई प्रतिकूल प्रभाव पर्ने काम गर्दै आएको पृष्ठभूमिमा देशमा दिगो शान्ति र सुरक्षा सहित निजी क्षेत्रले बन्द, हडताल, चक्काजाम विरुद्ध संकल्प प्रस्ताव गरेको हो ।

९. प्रजातन्त्रमा विरोधका कार्यक्रम गर्न पाउने अधिकार सबैमा हुनु पर्दछ तर आफ्ना विरोधबाट अन्य क्षेत्रलाई मर्का पार्ने किसिमले बन्द र विरोध गर्ने शैली र परम्परालाई बदल्नु पर्दछ भन्ने हाम्रो आग्रह हो ।

१०. अहिले पनि बन्द, हडताल, चक्का जाम नियमित प्रक्रिया भएका छन् । राजनीतिक दल, तीनका भातृ संगठनहरु र आन्दोलनरत विभिन्न समूहहरु बीच एक अर्कोलाई शक्तिशाली देखाउने होड भएको छ । तर यस्ता गतिविधिबाट आम जनता, उद्योगी व्यवसायी, विरामी, विद्यार्थी, ज्यालाबाट दैनिक गुजारा गर्ने तथा साना व्यवसायीहरु र पर्यटकलाई मर्का पर्दै आएको छ ।

११. श्रमजन्य विवादले कैयौं स्थानमा उद्योग व्यवसाय सञ्चालन अझै पनि अवरुद्ध छ भने बिक्री व्यापार दिन प्रतिदिन घटेको छ । बैंकहरुको कर्जाको भुक्तानी गर्न नसकेबाट व्यवसायीहरुमा थप नोक्सानी एवं नैराश्यता छाएको छ । यस्तै उद्योगहरु दिनानुदिन बन्द हुने क्रम तिब्र हुंदा रोजगारी घटिरहेको छ, नयाँ लगानी गर्ने वातावरण छैन, उद्योगी व्यवसायीहरु एवं लगानिकर्ताहरु मात्र होइन, जीउ ज्यानको समेत सुरक्षामा अनिश्चितता श्रृजना भएको छ भने चरम विद्युत लोडसेडिङ्गले थप संकट श्रृजना गरेको छ । सरकारले उर्जा संकट घोषणा पनि गऱ्यो तर "संकट मोचन" को ठोस उपाय भएको छैन ।

१२. यस्तो अवस्थामा उद्योग व्यवसाय चल्नै नसक्ने स्थिति भएकोले सो समस्या समाधानका लागि महासंघ लगायत निजी क्षेत्रका अन्य संस्थाहरुबाट सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष हालै संयुक्त रुपमा मागपत्र पनि पेश भएको थियो । सो बिषयमा सरकारबाट सकारात्मक निर्णय भएको पनि हो । त्यसका लागि सम्माननीय प्रधनमन्त्रीज्यूमा आभार पनि व्यक्त गर्न चाहान्छौं । तर सरकारको निर्णय र प्रतिबद्धता हुंदा हुँदै पनि समस्याको समाधान भएको छैन, जुन सबैलाई थप चिन्ताको बिषय भएको छ ।

१३. अहिले नेपालमा विश्व आर्थिक मन्दीका गम्भीर असर देखिन थालिसकेका छन् । बैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण, विकसित देशहरुबाट आउने पर्यटकमा आधारित आय, निर्यात व्यापार, बैदेशिक सहायता, प्रत्यक्ष बैदेशिक लगानी र विदेशी विनिमय लगायतका क्षेत्रमा परेको नकारात्मक असर यसको उदाहरण हो ।

१४. निजी क्षेत्र माग गर्दै जान्छ, विरोध पनि जनाउंदछ, सरकारबाट सकारात्मक आश्वासन पनि हुन्छ तर न समस्या समाधान हुन्छ न निर्णय कार्यान्वयन हुन्छ । यसको ज्वलन्त उदाहरणमा मन्त्रिपरिषद्बाट विद्युत डिमाण्ड चार्ज छुट दिने र डिजेल सहुलियत मूल्यमा उपलव्ध गराउने निर्णयलाई लिन सकिन्छ । यो निर्णय भएको करिव ३ हप्ता भयो । तर प्रशासनिक कारण देखाएर यो अहिलेसम्म कार्यान्वयन भएको छैन मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन तुरुन्त हुनु पर्दछ । सिण्डिकेट खारेज भयो तर यो अझै चालू छ । कवाडि कर वारेमा सहमति भयो तर यसले अझै पूर्णता लिन सकेको छैन । औद्योगिक सुरक्षाको लागि औद्योगिक सुरक्षा बलको माग गरेको बर्षौ भयो, तर त्यो कहिल्यै पूरा भएन ।

विश्व आर्थिक मन्दीको कारण नेपालले प्राप्त गर्ने बैदेशिक सहायतामा पनि नकारात्मक असर नपर्ला भन्न सकिंदैन । सहयोग कटौतिको असर NGO केन्द्रीत अनुदान रकममा बढी देखिन सक्छ । तर नेपालजस्तो सानो अर्थतन्त्रका लागि आर्थिक कुटनीतिलाई अलिकति सहि दिशामा चलायमान गर्न सक्ने हो भने योनै प्रमुख समस्या नहोला । भरखरै सम्पन्न जी २० को बैठकले उदारोन्मुख बजार अर्थतन्त्रका लागि भनेर २ खर्व ५० अर्व डलरको व्यापार सहजिकरण कोष, मन्दी पीडित देशहरुलाई ५० अर्व र विश्व बैंकले २ अर्वको कोष छुट्ट्याएको छ । नेपाल जस्तो अतिकम विकसित मुलुकले यो कोषको सानो अंश मात्र पनि लिन सक्ने हो भने हाम्रो अर्थतन्त्रको दियो जगाई राख्न सकिन्छ । तर अहिलेकै तदर्थवादी परिस्थितिमा यो सम्भव देखिंदैन ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

१५. यसलाई संजोगनै मान्नु पर्दछ, आजकै दिन नेपाल उद्योग वाणिज्य महासंघले महासंघ नेपाल सरकारमा दर्ता भएको अवसर पारी प्रत्येक वर्ष राष्ट्रिय पर्वको रुपमा "उद्योग वाणिज्य दिवस" मनाउँदै आएको छ । गत वर्षको चैत्र २८ गतेनै संविधान सभाको निर्वाचन सम्पन्न भएको हो । उद्योग वाणिज्य दिवसको यस अवसरमा सबै उद्यमी व्यवसायी साथीहरुमा हार्दिक शुभकामना सहित राष्ट्रको आर्थिक समुन्नति एवं निजी क्षेत्रको उत्थानमा उत्सर्ग भई रहने प्रतिबद्धता महासंघको तर्फबाट व्यक्त गर्न चाहान्छु । गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री यहां र यहांको सरकारले देशको बागडोर सम्हालेको पनि सात महिना व्यतित भईसकेको छ भने संविधान सभा निर्वाचन भएको यो एक वर्षको अवधिमा (क) मुलुक गणतन्त्र घोषण भएको छ (ख) अन्तरिम संविधान लागू भएको छ (ग) नयाँ संविधान लेखनमा संविधान सभा लागेको छ, (घ) शान्ति बहालीका प्रयास भई रहेका छन् र (ङ) समग्रमा परिवर्तनको यस पृष्ठभूमिमा निजी क्षेत्रले यसलाई हार्दिकतापूर्वक स्वागत तथा समर्थन गरेको छ ।

१६. नयाँ नेपाल निर्माणका यथेष्ट सम्भावना छन् । यहांका प्राकृतिक श्रोत र जनशक्ति हाम्रा सम्पदा हुन भने छिमेकी मुलुकहरु, मित्रराष्ट्रहरु र दातृ निकायहरुको नेपाल प्रतिको माया, ममता र सहयोग प्रेरणाको अर्को श्रोत हो । यसै क्रममा विश्व मानचित्रमा अत्यन्त न्यून स्तरमा रहेको नेपाल र नेपाली जनताको स्तरलाई माथि उठाई समृद्ध नेपाल र सम्पन्न नेपाली बनाउन देशमा सर्वप्रथम शान्तिपूर्ण वातावरण र सुरक्षाको प्रत्याभूति कायम गरिनु पर्ने हुंदा महासंघले यस सम्बन्धमा स्मरण गराएको हो ।

१७. हामी नयाँ नेपालको सुन्दर र सुनश्चित भविष्य निर्माणको अभियानमा छौं । संविधान सभाको मूल एजेण्डा "संविधान" लेखन हो । यसका लागि हामी सबैले संविधान सभामा छानेर पठाएका ६०१ जना सभासद मार्फतनै संविधानमा आ–आफ्नो क्षेत्र, जातजाती, भेषभूषा एवं समूहको हक अधिकारलाई सुनश्चित बनाउन लाउनु पर्ने र समाधान खोज्नु पर्ने होइन ? म र मेरो भन्दा पनि हामी र हाम्रो भन्ने भावना किन अघि सार्दैनौं ? हामीले नेपाललाईनै विर्से जस्तो गरेर पहाड, तराई, हिमाल, मधेश आदि किन खोजी

रहेका छौं ? नेवार, वाहुन, क्षेत्रीय, मधेशी, लिम्बु, थारु, राई जस्ता जातजातीको नारालाई बढाएर सामाजिक सद्भावलाईनै खलल पार्ने काम किन गरिरहेका छौं । हामी विरोधका शैली र सोचमा किन परिवर्तन गर्दैनौं ? यी यस्ता यक्ष प्रश्नहरु हुन जसको जवाफ, समाधान र जवाफदेहीता राजनीतिक दल र राजनेताहरुलेनै लिन र दिनु पर्दछ । एकले अर्कोलाई दोष देखाएर र विरोध गरेर कुनै पनि राजनीतिक दल वा राजनेता पन्छिन पाईदैन । विरोधका कार्यक्रम र शैलीका सकारात्मक एवं उत्पादनमूलक सोच नहुंदा निजी क्षेत्र मात्र होइन सबै क्षेत्र प्रताडित बन्न पुगेको छ । जसमा तुरुन्त परिवर्तन आउनु जरुरी छ ।

१८. गणतन्त्र आउंदैमा नयाँ नेपाल बन्दैन । यसको लागि हरेक निकायका उच्च तहमा बस्नेहरु लगायत कर्मचारीतन्त्र एवं उद्योगी व्यवसायीहरुको सोचमा, कार्यशैलीमा र व्यवहारमा परिवर्तन हुनु जरुरी छ । अहिले बदलिंदो परिस्थितिमा राज्य पुनरसंरचनामा जाने निश्चित भएको हुंदा सम्पूर्ण राजनीतिक दलहरु र सरकारलाई हाम्रो के आग्रह छ भने आर्थिक नीतिमा पनि पुनरसंरचना हुनु पर्दछ । निजी क्षेत्रको उच्च सहभागिता विना विकासको लक्ष्य हासिल गर्न सम्भव छैन । त्यसैले सरकारी नीति निजी क्षेत्रलाई प्रोत्साहित गर्ने र सहयोग गर्ने हुनैपर्छ । भोलि राज्य संघीय संरचनामा जाने हुंदा त्यसको निश्चित स्वरुप कस्तो हुने र त्यसका आधारहरु कसरी निर्धारण गर्ने एउटा टड्कारो प्रश्न हामी उद्यमी व्यवसायी भित्र उब्जेको छ । नयाँ नेपालको निर्माणमा राजनीतिक एवं सामाजिक पुनरसंरचना आफ्नै ढंगले र आर्थिक पुनरसंरचना आफ्नै तरिकाले गर्दा मुलुक भित्र सुल्झनै नसक्ने समस्या पनि उब्जन सक्दछ ।

१९. **"आर्थिक समृद्धि विना बन्दैन नेपाल नयाँ"** यस वर्षको हाम्रो नारा भएको पृष्ठभूमिमा अब बेला आएको छ सबैसंग बसेर सम्भावनाहरुको निक्र्यौल गरौं । यहां प्रसस्त सम्भावनाहरु छन् यी सम्भावनालाई यथार्थमा बदल्ने जिम्मा राष्ट्र चलाउने राजनीतिक दलहरु र सरकारको हो, हामी त मात्र साधन हौं । तसर्थ कम्तिमा पनि हामीलाई आश्वस्त हुने वातावरण बनाई दिनु होस र न्यूनतम आर्थिक समझदारी मुलुकमा कायम गराउनु होस् ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

२०. नेपाल उद्योग वाणिज्य महासंघले सरकारसंग केवल समस्याहरु प्रस्तुत गरेको छैन । निजी क्षेत्रलाई काम गर्ने वातावरण तयार गर्न, पूंजी आर्जन एवं रोजगारी बृद्धि गरी राष्ट्रिय हितलाई सर्वोपरी मान्दै यस क्षेत्रको छवि र संस्थागत संस्कृति (Corporate Culture) को विकासगर्न महासंघ लागि परेको छ । सरकारले सञ्चालन गरेमा कतिपय सकारात्मक कामको पूर्णतामा महासंघको सहयोग निरन्तर भई रहेको छ । आर्थिक, उद्योग, वाणिज्य वा राजस्व सम्बन्धी नीति तथा कार्यक्रम (जसबाट निजी क्षेत्रको प्रवर्द्धन हुन्छ) को संचालनमा होस् वा युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रम सो सफल बनाउन महासंघ तयार रहेको छ । तर मन्त्रालय–मन्त्रालय बीचकै समन्वय र समझदारी नहुंदा अहिले हामी अप्ठेरोमा परेका छौं । गाउं गाउंमा उत्पादनको यथार्थ लहर पुऱ्याउन “एक गाउं एक उत्पादन” र “इलम प्रशिक्षण केन्द्र” को संस्थागत स्वरुप तयार गरी सार्वजनिक–निजी साझेदारी अवधारणा अनुरुप अगाडि बढाउन सफलता मिलेको छ । मुलुक भित्र र वाहिर पनि निजी क्षेत्रको गरिमा बढाउन एवं दातृ संस्थाहरुमा नेपालको विकासमा निजी क्षेत्रको आवश्यकता बोध गराउने कार्य भएको छ ।

२१. यूरोपियन कमिसनको एसिया इन्भेस्ट प्रोग्राम अन्तर्गत SEMSA Project दक्षिण एसियाका तीन देशका उद्योगी व्यवसायीहरु र दक्षिण यूरोपका ४ देशका उद्योगी व्यवसायीहरुबीच प्रविधि र व्यवसायिक संजाल प्रबर्द्धन र स्थापित गर्ने कार्यक्रम पनि महासंघमा संचालन भईरहेको छ । USAID को सहयोगमा Education for income Generation and Conflict Management (EIG – CM) परियोजनाको कार्यान्वयनमा Winrock International संग सम्झौता गरी मुलुकका उद्योगी व्यवसायीहरुको आवश्यकता र माग बमोजिमका क्षेत्रहरुको पहिचान, आवश्यक स्तरीय प्रशिक्षण र रोजगारी दिलाउने उद्देश्य हासिल गर्न उद्योगहरुको डाटाबेस तयार गर्ने, विभिन्न क्षेत्रका उद्योग व्यवसायहरुले Internship / on the Job Training सुबिधा दिन प्रोत्साहन गर्ने लगायतका क्रियाकलापमा महासंघबाट सुदूरपश्चिमाञ्चल समेतका १७ वटा उद्योग वाणिज्य संघहरुसंगको सहकार्यमा सारपूर्ण कार्य भएको छ । Asia Foundation संगको सहकार्यमा Commercial Mediation को काम प्रारम्भ गरिएको छ ।

२२. वाह्य मुलुकहरुसंगको आर्थिक तथा व्यवसायिक सम्बन्ध विस्तार गर्न समकक्षि संस्थाहरु CII, FICCI, ACFIC, FBCCI, FPCCI र कूटनीतिक माध्यमबाट समेत निरन्तर कार्य गर्न महासंघलाई सफलता मिलेको छ । आर्थिक, व्यवसायिक, श्रम, कृषि, लगायत समग्र अर्थतन्त्रसंग महत्व राख्ने नीति तथा कानूनहरु, भंसार, श्रम कानून, प्रतिस्पर्धी ऐन, कम्पनी ऐन, औद्योगिक नीति आदिको महत्वलाई हृदयंगम गरी महासंघले तिनको तर्जुमा कार्यमा योगदान पु¥याएको छ र उत्साहपूर्ण पाइला चालेको छ । महासंघमा संचालित कृषि उद्यम केन्द्रलाई व्यवसायिक कृषिमा अनुभवी संस्थाको रुपमा पहिचान गराई यसका कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

२३. महासंघले हालसम्म विभिन्न मित्रराष्ट्रहरुका ३३ वटा केन्द्रीय तहका उद्योग वाणिज्य संघ/संस्थाहरु र रोजगारदाता संगठनहरुसंग द्विपक्षीय सहयोग सम्बन्धी स्मृतिपत्र (MoU) मा हस्ताक्षर गरेको छ। पछिल्लो पटक यसरी हस्ताक्षर गरिएका मुलुकहरुमा टर्की, फिलिपिन्स र फिनलैण्डका समकक्षि उद्योग वाणिज्य महासंघ/संघहरु छन् । महासंघको व्यापारीक प्रतिनिधिमण्डलबाट समय समयमा गरिने विभिन्न मित्रराष्ट्रहरुको भ्रमणबाट पनि ती देशका उद्योग वाणिज्य महासंघ/संघहरु बीचको सम्बन्ध सुदृढिकरण एवं व्यवसाय विस्तारमा थप सहयोग पुगेको हामीले पाएका छौं । सम्माननीय प्रधानमन्त्रीज्यूबाट केही महिना अघि सम्पन्न मित्रराष्ट्र भारत र अमेरिकाका साथै हालै सम्पन्न नर्वे र फिनलैण्डको औपचारिक भ्रमणका अवसरमा म लगायत महासंघका पदाधिकारीहरु एवं वरिष्ठ उद्योगी व्यवसायीहरुबाट भएको भ्रमणले समेत विकास प्रति महासंघको प्रतिबद्धता पुष्टि गर्दछ ।

२४. सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको क्रममा महासंघ र भारतको सिआईआई (CII) बीच सम्पन्न "Joint Task Force" को गठनसंगै नेपाल–भारत बीचको विद्यमान “वाणिज्य सन्धि” लाई अरु समय सापेक्ष बनाउने सन्दर्भमा विस्तृत अध्ययन भईरहेको छ। यसैगरी केही दिन अघि मात्र नेउवामहासंघ र फिनलैण्डको उद्योग वाणिज्य संघ बीच सम्पन्न समझदारी (MoU) को आधारमा (क) उर्जा संकट (ख) ग्रामीण उर्जा, (विशेषतः जलविद्युत क्षेत्रमा साना तथा मझौला उद्योग (ग) काठमाडौं उपत्यकाको फोहोर मैला व्यवस्थापन सहित उर्जा उत्पादन एवं पानी शुद्धिकरण सम्बन्धी परियोजना सञ्चालनका लागि महासंघबाट पहल गरिने छ ।

२५. निजी क्षेत्रले राष्ट्रिय हितमा गर्नु पर्ने कार्य अन्तर्गत महासंघले राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका विभिन्न कार्यलाई अघि बढाइरहेको छ। यस कार्यमा महासंघलाई सघाउने नेपाल सरकार सहित UNDP, ILO, World Bank, UN WFP, SNV, ADB, USAID, DFID, GTZ, JICA जस्ता दातृ निकायहरु एवं नेपालस्थित विभिन्न कुटनीतिक नियोगहरु प्रति हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

२६. साथै महासंघलाई कृयाशिल बनाउने कार्यमा महासंघको नेतृत्वलाई सधैं प्रेरणा, सद्भाव र सहयोग उपलब्ध गराई मार्गदर्शन गर्नु हुने मेरा अग्रजज्यूहरु, विशेषतः भूतपूर्व अध्यक्षज्यूहरु, सल्लाहकार समितिका सदस्यज्यूहरु एवं कार्यकारिणी समितिका सदस्यज्यूहरु सहित सचिवालयका कर्मचारी लगायत सम्पूर्ण शुभेच्छुकज्यूहरुमा समेत हार्दिक कृतज्ञता एवं आभार सहित नयाँ वर्ष २०६६ को शुभ अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा, यहांहरु सबैको यस महत्वपूर्ण समुपस्थितिको लागि पुनः स्वागत सहित हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

२८ चैत्र २०६५, काठमाडौं ।